४ असार २०८२
०८२/३/२८

विधायन को प्रकृति : निर्देशिका
दर्ता नम्बर : २१०८२
दर्ता मिति : २०८२/०३/२६
(कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय)

# सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२

**<u>प्रस्तावना</u>:** सडक बालबालिकाको पहिचान, उद्धार, राहत, पुनर्स्थापना, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण गरी उनीहरूको पालन पोषण, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता अभिवृद्धि, स्वरोजगार तालिम, परिवार सहयोग तथा सहयोग प्रायोजनलाई व्यवस्थित गर्न तथा कुनै पनि बालबालिकाले सडकमा बस्नु नपर्ने वातावरण सिर्जना गरी नेपाललाई सडक बालबालिका मुक्त बनाउन वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले **सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२** बनाएको छ ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "**सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२**" रहनेछ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले नेपाललाई सडक बालबालिका मुक्त बनाउन सडकमा बस्ने, श्रम गर्ने र माग्ने बालबालिकाको पहिचान, उद्धार, राहत, पुनर्स्थापना, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण, सामाजिक पुनर्स्थापना, पालन पोषण, हेरचाह, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता अभिवृद्धि, स्वरोजगार तालिम, परिवार सहयोग तथा सहयोग प्रायोजन, रोकथाम तथा सचेतना अभिवृद्धि सहित सडक बालबालिकाको अधिकार तथा हक हितका निम्ति सम्बन्धित तीनै तहका सरकार, सरोकारवाला निकाय तथा संघ संस्थाको आपसी समन्वय, सहयोग, सहकार्यमा सञ्चालन गरिने सडक बालबालिका सम्बन्धी कार्यक्रम सम्झनु पर्छ । सो शब्दले सडक मार्ग, पथ, गल्ली, टोल, समुदाय, वडा, स्थानीय तह, प्रदेश र नेपाललाई सडक बालबालिका मुक्त बनाउन सञ्चालित वा सञ्चालन गरिने विशेष राष्ट्रिय, प्रादेशिक र स्थानीय, अभियान समेतलाई जनाउँछ ।

(ग) "जिम्मेवार निकाय" भन्नाले मन्त्रालय, परिषद्, प्रदेश मन्त्रालय, प्रदेश बाल अधिकार समिति र स्थानीय तह, स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारी

सह-सचिव सचिव

सम्झनु पर्छ र सो शब्दले बालबालिका खोजतलास सेवा तथा प्रहरी कार्यालय र बाल हेल्पलाइन सेवा समेतलाई जनाउँछ ।

(घ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) "लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र" भन्नाले प्रचलित कानून बमोजिम दर्ता तथा स्थापना भै सडक बालबालिकालाई लागू औषध उपचार तथा पुनर्स्थापना गर्नका लागि परिषदबाट अस्थायी संरक्षण सेवा प्रदान गर्ने अनुमति लिएको सेवा प्रदायक संघ संस्था वा बाल गृह वा केन्द्र सम्झनु पर्छ ।

(छ) "सडक बालबालिका" भन्नाले सडकमा आश्रित भई सडकमा बस्ने बालबालिका सम्झनु पर्छ र सो शब्दले सडकमा श्रम गर्ने र सडकमा माग्ने बालबालिकालाई समेत जनाउँछ ।

(ज) "अस्थायी संरक्षण सेवा केन्द्र" भन्नाले ऐनको दफा ६९ बमोजिमको सडक बालबालिकाको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्न ऐनकै दफा ७२ को उपदफा (८) बमोजिमको केन्द्र वा नियमावलीको नियम ६३ र ६८ बमोजिम सडक बालबालिकाको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था तथा बाल गृह सम्झनु पर्छ र सो शब्दले सडकमा बस्ने बालबालिकाको लागि सञ्चालित सडक बालबालिका लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र, पुनर्स्थापना केन्द्र र सामाजिकीकरण केन्द्रलाई समेत जनाउँछ ।

(झ) "सामाजिकीकरण केन्द्र" भन्नाले सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रको प्रारम्भिक अवस्थाको सेवा अवधि पश्चात बालबालिकाको जीवनमा थप सुधार गर्न तथा सामान्य जीवनयापन गर्न सक्ने अवस्थामा पुऱ्याउन सञ्चालित सडक बालबालिका सामाजिकीकरण केन्द्र सम्झनु पर्छ ।

(ञ) "सेवा प्रदायक संघ संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता तथा स्थापना भै सडक बालबालिकाको क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्था, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र, पुनर्स्थापना केन्द्र लगायत सम्झनु पर्छ ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सह-सचिव सचिव

## परिच्छेद -२

## प्रवाह गरिने सेवा तथा कार्यहरू

३. प्रवाह गरिने सेवा तथा कार्यहरू (१) सडक बालबालिका संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा लगायत ऐनको दफा ४८ को उपदफा (२) र नियमावलीको नियम ५० र ८९ बमोजिम देहायकाका सेवाहरु प्रदान गर्नु पर्नेछः-

(क) आपतकालीन उद्धार तथा राहत,

(ख) अस्थायी संरक्षण सेवा प्रबन्ध,

(ग) स्वास्थ्य उपचार,

(घ) मनोसामाजिक परामर्श तथा सहयोग,

(ङ) पारिवारिक परामर्श तथा पुनर्मिनल,

(च) पुनर्स्थापना,

(छ) वैकल्पिक हेरचाह,

(ज) परिवार सहयोग,

(झ) सामाजिक सुरक्षा तथा संरक्षण,

(ञ) सामाजिकीकरण,

(ट) कानूनी परामर्श तथा सहायता,

(ठ) शैक्षिक सहायता,

(ड) सीपमूलक तालिम,

(ढ) खेलकूद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलापको सञ्चालन ।

(२) उपदफा (१) मा उल्लिखित सेवाहरु प्रदान गर्न देहाय बमोजिमको कार्यहरू सञ्चालन गरिनेछन्:-

(क) नक्शाङ्कन गर्ने (सेवा प्रदायक संघ संस्था, संस्थाबाट उपलब्ध हुने सेवाहरु, बालबालिका बसेको स्थान र संख्या),

(ख) सडक बालबालिका रहेको स्थान पहिचान तथा संख्याको यकीन गर्ने,

(ग) सम्बन्धित स्थानीय तह, अन्य सेवा प्रदायक निकाय तथा संघ संस्थाबीच समन्वयात्मक जानकारी, सहजीकरण तथा अभिमूखीकरण गर्ने,

(घ) बालबालिका सडकमा बस्न नपर्ने सम्बन्धी पूर्व जानकारी, सन्देश तथा सूचना प्रचार प्रसार, प्रसारण तथा प्रकाशन गर्ने,

(ङ) सडकमा बसेका बालबालिकाको उद्धार गर्ने,

(च) उद्धार गरिएका बालबालिकाको नाम दर्ता र प्रारम्भिक तथा वैयक्तिक विवरण तयार गर्ने,

(छ) उद्धार गरिएका सडक बालबालिकाको अवस्था तथा प्रकृतिको वर्गीकरण गर्ने,

(ज) स्वास्थ्य परीक्षण तथा उपचार नियमित गर्ने,

सचिव

सह-सचिव

(झ) अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रमा सिफारिस गर्ने र सोको सेवा उपलब्ध गराउने,

(ञ) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रको सेवाबाट बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन गर्ने,

(ट) बालबालिकाको अवस्था र मूल्याङ्कनका आधारमा पारिवारिक पुनर्मिलन गर्ने वा संस्थागत पुनर्स्थापना गर्ने वा सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने,

(ठ) सामाजिकीकरण केन्द्रको सेवा उपलब्ध गराउने,

(ड) सामाजिकीकरण केन्द्रको सेवाबाट बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन गर्ने, पारिवारिक पुनर्मिलन गर्ने वा संस्थागत पुनर्स्थाना गर्ने वा सीपमूलक क्षमता अभिवृद्धि वा तालिमका लागि छनौट र सिफारिस गर्ने,

(ढ) पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण गर्ने,

(ण) दीर्घकालीन पुनर्स्थापना गर्ने,

(त) रोजगारमूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालिममा सहभागी गराउने,

(थ) परिवार सहयोग वा सहयोग प्रायोजन (आय-आर्जन अभिवृद्धि तथा स-साना व्यवसाय सञ्चालनका लागि) गर्ने,

(द) रोजगारीका लागि सम्बन्धित निकाय तथा संघ संस्थामा समन्वय, सहजीकरण तथा सिफारिस गर्ने,

(ध) सडक बालबालिका उद्धार, संरक्षण तथा रोकथामका लागि सचेतनामूलक सन्देश तथा सूचना प्रसारण र प्रकाशन गर्ने,

(न) नियमित मासिक वा त्रैमासिक, वार्षिक तथा आवधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने,

(ऩ) आवधिक नियमित प्रतिवेदन तर्जुमा, प्रकाशन तथा वितरण गर्ने,

(प) सम्पन्न कार्यक्रमको प्रतिफलको जानकारी लिन आवश्यकतानुसार परिवार तथा बालबालिकाको अवस्थाको अनुगमन तथा निरीक्षण गर्ने,

(फ) समन्वय, सहकार्य, सहयोग, सहजीकरण गर्ने,

(ब) परिषद् तथा मन्त्रालयले निर्धारण गरेका अन्य आवश्यक सेवा तथा कार्यहरू सञ्चालन गर्ने ।

(३) उपदफा (१) र (२) बमोजिम चरणबद्ध रूपमा प्रवाह गरिने सेवा तथा कार्यहरूका लागि आवश्यकतानुसार तीनै तहका सरकार, सम्बन्धित जिम्मेवार निकाय तथा सेवा प्रदायक संघ संस्थाले देहाय बमोजिमका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछः-

(क) सडक बालबालिका पहिचान तथा उद्धार,

(ख) अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनः-

(१) बाल हेल्पलाइन सेवाको अस्थायी संरक्षण सेवा केन्द्र,

सह-सचिव सचिव

(२) तत्काल उद्धार गरी संरक्षण गरिने अस्थायी संरक्षण सेवा केन्द्र(सम्पर्क गृह),
(३) लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र,
(४) सामाजिकीकरण केन्द्र,

(ग) पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना र पुनर्एकीकरण,
(घ) परिवार सहयोग, सहयोग प्रायोजन तथा आर्थिक विकास सहयोग,
(ङ) स्वरोजगारमूलक तालिम, क्षमता तथा सीप अभिवृद्धि,
(च) रोकथाम तथा सचेतना अभिवृद्धि,
(छ) अनुगमन गर्ने र नयाँ आगमन भएको देखिएमा तत्काल उद्धार ।

## परिच्छेद -३

## सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन विधि

४. सूचना प्रसारण तथा जानकारी गरिनेः (१) बालबालिका सडकमा बस्नु हुँदैन, सडकमा बस्नु पर्दैन भन्ने मूल सन्देश जस्ता सूचना तथा जानकारी उत्पादन गरी आम सञ्चार माध्यमबाट प्रचार प्रसार, प्रकाशन तथा प्रसारण गरिनेछ ।

(२) कसैले सडकमा बसेका बालबालिका फेला पारेमा वा देखेमा पहिचान तथा उद्धारका लागि निःशुल्क टेलिफोन नम्बरहरु बालबालिका खोजतलास सेवा नं. (१०४), नेपाल/प्रदेश प्रहरीको १००, बाल हेल्पलाइन सेवा १०९८ (दश,नौ,आठ), सम्बन्धित स्थानीय तह र जिम्मेवार निकाय तथा सेवा प्रदायक संघ संस्थामा सूचित गर्न सार्वजनिक सूचना सम्प्रेषण गरिनेछ ।

५. सडक बालबालिकाको पहिचान तथा लेखाजोखा गरिनेः (१) परिषद्ले संघीय राजधानी काठमाडौं उपत्यका, प्रदेश मन्त्रालयले प्रदेश राजधानी र स्थानीय तहले सम्बन्धित स्थानीय तहभित्र रहेका सडक बालबालिकाको बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको संयुक्त वा एकल रूपमा पहिचान तथा नक्शाङ्कन गर्नुपर्नेछ ।

तर परिषद्ले आवश्यक ठानेमा देशभरिका सडक बालबालिकाको पहिचान, नक्शाङ्कन लगायतको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) पहिचान तथा नक्शाङ्कन गरिएका सम्भावित स्थानहरूको स्थलगत भ्रमण तथा अवलोकन गरी अनुमानित सडक बालबालिकाको संख्या यकीन तथा पहिचान गरिनेछ ।

६. सडक बालबालिकाको प्रारम्भिक तथा नियमित उद्धार र अनुगमन गर्नुपर्नेः (१) सम्बन्धित जिम्मेवार निकायले सडक बालबालिका रहने स्थानहरूमा दैनिक रुपमा सडक मार्ग, पथ, गल्लीको गस्ती तथा निगरानी गर्दै सडक बालबालिकालाई बालमैत्री ढङ्गमा सडकबाट उद्धार गरी अनुसूची -१ बमोजिमको ढाँचामा बालबालिकाको प्रारम्भिक लेखाजोखा विवरण राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक विवरण तथा मूल्याङ्कनको अवस्था र आवश्यकता अनुसार त्यस्ता बालबालिकालाई सेवा प्रदायक संघ संस्थाको अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार पुनर्स्थापना केन्द्रमा पठाइनेछ ।

सह-सचिव सचिव

(३) उपदफा (२) बमोजिमका बालबालिकालाई पहिलो चरणमा क्रमशः अधिकतम तीन र छ महिनासम्मका लागि मात्र अस्थायी संरक्षण सेवा केन्द्र र लागू औषध उपचार पुनर्स्थापना केन्द्रमा राख्न सकिनेछ ।

तर लागू औषध तथा दुर्व्यसनको लत छुटाउन अधिकतम अठार महिनासम्म राख्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमभन्दा बढी अवधिका लागि राख्नु पर्ने भएमा परिषद् वा प्रदेश मन्त्रालय वा सम्बन्धित स्थानीय तह वा बाल कल्याण अधिकारीको स्वीकृति लिएरमात्र थप तीन महिना सम्म राख्न सकिनेछ ।

(५) अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रबाट सिफारिस भई आएका सडक बालबालिकालाई सामान्यतया बढीमा बाह्र महिनासम्म सामाजिकीकरण केन्द्रमा राखिनेछ ।

७. <u>रोकथाममूलक कार्यक्रम सञ्चालन गरिने:</u> (१) सडकबाट उद्धार गरिएका बालबालिकालाई पुनः सडकमा नआउने वातावरण सिर्जना गर्न अस्थायी संरक्षण सेवा केन्द्र, लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र, सामाजिकीकरण केन्द्रमा बालबालिका लक्षित सिर्जनात्मक र प्रतियोगितात्मक क्रियाकलाप तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(२) सडकबाट उद्धार गरिएका बालबालिकालाई नियमित मनोविमर्श तथा शैक्षिक विकास सम्बन्धी सेवा प्रदान गरिनेछ ।

(३) सडकबाट उद्धार गरिएका बालबालिकाको सुधारको अवस्थाको नियमित मासिक वा कम्तीमा तीन महिनाभित्र अनुगमन गरी व्यक्तिगत विवरण फाइलमा अभिलेखीकरण गरिनेछ ।

८. <u>सडक बालबालिकाको पारिवारिक पुनर्मिलन वा समुदाय तथा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनर्स्थापना गर्नु पर्ने:</u> (१) अस्थायी संरक्षण सेवा केन्द्र र सामाजिकीकरण केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा अनुसूची -२ बमोजिम गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गरिनेछ र सोको लागि अनुसूची -३ बमोजिमको ढाँचामा बुझाएको भरपाई समेत सुरक्षित राखिनेछ।

(२) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकालाई प्रचलित वैकल्पिक हेरचाहको व्यवस्था अनुसार संरक्षण तथा व्यवस्थापन र पुनर्स्थापना गरिनेछ।

(३) अस्थायी संरक्षण सेवा केन्द्र र सामाजिकीकरण केन्द्र सञ्चालन गर्ने संघ संस्थामा आवश्यक स्रोत-साधन तथा कार्यक्रम नभएमा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, मन्त्रालय वा परिषद्को समन्वय, सहयोग र सहकार्यमा पारिवारिक पुनर्मिलन तथा वैकल्पिक हेरचाहको व्यवस्था अनुरुप संरक्षण, व्यवस्थापन तथा पुनर्स्थापना गरिनेछ।

(४) पारिवारिक पुनर्मिलन, वैकल्पिक हेरचाहको व्यवस्था गर्ने परिवार, व्यक्ति वा पुनर्स्थापनामा काम गर्ने संघ-संस्थाहरूको सूची तथा सेवाहरूको नक्शाङ्कन सम्बन्धी विवरण सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय, मन्त्रालय र परिषद्मा नियमित अद्यावधिक गरी राखिनेछ।

(५) परिवार नभएका वा विविध कारणले पुनर्मिलन गराउन नसकिने बालबालिकालाई सम्बन्धित बाल कल्याण अधिकारी तथा स्थानीय बाल अधिकार समितिमार्फत स्थानीय तह वा प्रदेश मन्त्रालय वा

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं सह-सचिव सचिव

परिषद्ले दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि वैकल्पिक हेरचाहको व्यवस्था अनुसार पुनर्स्थापना गर्न समन्वय गर्नु पर्नेछ ।

९. पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना भएका बालबालिकाको दुई वर्षसम्म अनुगमन गर्नु पर्नेः

(१) अस्थायी संरक्षण सेवा केन्द्र र सामाजिकीकरण केन्द्रले परिवारमा पुनर्मिलन वा दीर्घकालीन रूपमा संरक्षणका लागि वैकल्पिह हेरचाहको व्यवस्था अनुसार पठाइएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अन्तरमा नियमित आवधिक अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा पेश भएको अनुगमन प्रतिवेदन वा जिम्मेवार निकायको अनुगमनबाट आवश्यक देखिएको जानकारी तथा सूचना प्राप्त गर्ने बाल कल्याण अधिकारीले अनुगमन अवधि बढीमा एक वर्षका लागि थप गर्न सक्नेछ ।

(३) सडकमा बस्ने बालबालिका तथा उनीहरुको परिवारको निरन्तर निगरानी राख्न सम्बन्धित सेवा प्रदायक संघ संस्थामा नै सामाजिक कार्यकर्ताको व्यवस्था गरिनेछ ।

(४) अनुगमनका क्रममा त्यस्ता बालबालिका वा उनीहरूको परिवारको आर्थिक अवस्थामा सुधार गर्न आवश्यक देखेर अनुगमनकर्ताबाट सिफारिस भई आएमा स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्ले अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र वा वैकल्पिक हेरचाहको व्यवस्था अनुसार सम्बन्धित संस्था वा बाल गृहसँगको समन्वयमा पारिवार सहयोगसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको आर्थिक गतिविधिलाई आवश्यकतानुसार परिवारलाई आत्मनिर्भर हुन आर्थिक विकास सहयोग गर्ने र परिवारका सदस्यहरुको शैक्षिक योग्यतानुसारको सीप तथा क्षमता विकास गरी आय आर्जनको लागि देहायका सेवा उपलब्ध गराउन सकिनेछः-

(क) सोह्र वर्ष पूरा गरेका सडक बालबालिका र ५० वर्ष ननाघेका उनीहरूका परिवारका सदस्यलाई आवश्यकता अनुसार उनीहरूकै शैक्षिक योग्यता, क्षमता, सीप तथा रूची अनुसार रोजगारको उपलब्धता हेरी स्वरोजगार मूलक तालिम र परिवारका वयस्यक सदस्यलाई स्वरोजगारीका लागि समन्वय र सहजीकरण ।

(ख) व्यवसायिक तथा स्वरोजगारमूलक तालिम प्राप्त भए पछि सोह्र वर्ष उमेर पूरा भएका बालबालिकालाई जोखिमपूर्ण काम वा व्यवसाय बाहेकमा रोजगारी तथा स्वरोजगारको अवसरको लागि सहजीकरण र सहयोग ।

(ग) लक्षित समूह र समूहको परिवारलाई सोही समुदायका अन्य परिवारहरुको समूह गठन गरी दैनिक बचत गर्ने व्यवस्था तथा आय आर्जनमा वृद्धि गर्न सहयोग ।

(घ) परिवार, समूहका सदस्य वा समूहमा नरहेका सडक बालबालिकाको परिवारको आय आर्जन वृद्धि गर्न विभिन्न पेशा व्यवसाय सञ्चालन गर्न परिवार सहयोग वा सहयोग प्रायोजन।

सह-सचिव सचिव

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

१०. प्राविधिक तथा सीपमूलक शिक्षामा सहभागी गराई रोजगारीका लागि समन्वय गर्नुपर्नेः (१) सरकारी तथा गैरसरकारी स्तरमा सञ्चालित रोजगारमूलक प्राविधिक तथा सीपमूलक तालिम तथा शिक्षा आय आर्जन गरी आर्थिक विकासका विभिन्न कार्यक्रमहरुमा सोह्र वर्ष उमेर पुगेका बालबालिकालाई सहभागी गराउन आवश्यक समन्वय, सहजीकरण तथा सिफारिस गरिनेछ।

(२) उमेर, क्षमता र सम्भावना भएका बालबालिकालाई व्यवसायिक प्रतिष्ठानहरूमा समेत रोजगारीको अवसर सिर्जना गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स लगायतका व्यवसायिक संघ संस्था तथा संगठनहरूसँग मन्त्रालय, परिषद्, प्रदेश मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले आवश्यक समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

(३) उफदफा (१) बमोजिमको सिफारिस अस्थायी संरक्षण सेवा केन्द्र वा सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकाको उमेर, क्षमता र सम्भावनाको आधारमा सिफारिस गरिनेछ ।

११. नयाँ आगमनको तत्काल रोकथाम गर्नु पर्नेः (१) सडकमा बस्न नयाँ बालबालिका आउन नदिन, सडकबाट परिवारमा पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनर्स्थापना भएका बालबालिका पुनः सडकमा आउनबाट रोकथाम गर्नका लागि बालबालिका आउने स्रोत तथा गन्तव्य स्थान दुवै ठाउँमा सतेचनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सडक बालबालिकाको नयाँ आगमन रोकथाम तथा उनीहरूको व्यवस्थापनको लागि पहिलो चरणमा गन्तव्य स्थान र दोस्रो चरणमा स्रोत स्थान केन्द्रित भएर देहायका कार्यक्रम सञ्चालन गरिनेछनः–

(क) शहर तथा जिल्लाका सबै नाकाहरूमा प्रहरीबाट निगरानी गर्ने व्यवस्था गरिनेछ ।

(ख) कुनै पनि बालबालिका एक्लै शहर वा प्रदेश राजधानी वा काठमाडौं उपत्यकामा प्रवेश गर्दैछन् भने सम्बन्धित नाका, बस स्टेशनमा खटिएका प्रहरीबाट बालमैत्री ढङ्गले सोधपुछ गरी उद्धार, पहिचान समेत गरी पारिवारिक पुनर्मिलन गर्न वा अस्थायी संरक्षण सेवा केन्द्रमा पठाइनेछ ।

(ग) बाबुआमा वा अभिभावक वा परिवार सहितै सडकमा आश्रित बालबालिकालाई लक्षित गरी रोकथामका लागि त्यस्ता परिवार र बालबालिकाबीच सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बाबुआमा तथा अभिभावकलाई जिम्मेवार बनाइनेछ ।

(घ) सडकमा बालबालिका एक्लै अवस्थामा रहेको खबर प्राप्त हुनासाथ बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४), बाल हेल्पलाइन सेवा १०९८ (दश,नौ,आठ) तथा नेपाल /प्रदेश प्रहरी र सम्बन्धित स्थानीय तहमार्फत सेवा प्रदायक संघ संस्थाहरूसँगको सहकार्यमा तत्काल उद्धार गरिनेछ ।

(ङ) सम्बन्धित स्थानीय तह, बालबालिका खोजतलास सेवा तथा प्रहरी एवम् सेवा प्रदायक संघ संस्थाहरुको समन्वयमा लामो तथा मध्यम दूरीमा चल्ने यातायातका साधनहरूको समेत नियमित अनुगमन गरी सडकमा आउन सक्ने सम्भावना तथा पहिचान भएका बेवारीस बालबालिकालाई रोकथाम तथा आवश्यकतानुसार व्यवस्थापन गरिनेछ ।

१२. सिफारिस वा समन्वय गरी सेवा प्रवाह गर्नु पर्नेः (१) बालबालिका खोजतलास सेवाले सडक बालबालिकाको उद्धार, संरक्षण, व्यवस्थापन सम्बन्धी कार्य र आवश्यक सबै सेवा एउटै निकाय वा

सह-सचिव सचिव

संस्थाबाट प्रदान गर्न नसकिने भएमा सो कार्यलाई अर्को निकाय वा संस्थालाई स्थानान्तरण वा हस्तारन्तरण वा सिफारिस गरी बाल संरक्षण घटना व्यवस्थापन प्रणाली (Child Protection Information Management System –CPIMS) बमोजिम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने संरक्षण व्यवस्थापन कार्यलाई यो कार्यविधि लागू भएको दुई वर्षभित्र सबै सेवा प्रदायक संघ संस्थाले बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली अनुसार व्यवस्थापन तथा अभिलेखीकरण गर्नुपर्नेछ ।

(३) सेवा प्रदायक संघ संस्थाहरुलाई समान प्रक्रिया अनुरुप समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) सेवा प्रदायक संघ संस्थाले अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएका बालबालिकाको विवरण अनुसूची -४ बमोजिम भरी सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा पठाउनु पर्नेछ ।

(२) मासिक, त्रैमासिक, वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन र सडक बालबालिका सम्बन्धी तथ्याङ्क विवरण सहितको प्रतिवेदन प्रत्येक महिनाको २ गतेभित्र सम्बन्धित जिम्मेवार निकायमा पेश गर्नु पर्नेछ ।

(३) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्रगति प्रतिवेदन, सङ्कलित तथ्याङ्क र सूचनालाई एकीकृत गरी जिल्लागत प्रतिवेदन सहितको प्रगति प्रतिवेदन तयार गरी प्रत्येक महिनाको ५ गतेभित्र प्रदेश मन्त्रालयले मन्त्रालय र परिषद्मा पेश गर्नु पर्नेछ ।

(४) परिषद्ले स्थानीय तह तथा प्रदेश मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधामा सङ्कलित तथ्याङ्क र सूचनाको एकीकृत प्रतिवेदन तयार गरी प्रत्येक महिनाको ७ गतेभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -४

## <u>सेवा प्रदायक संघ संस्थाको दायित्व, छनौट र अनुदान सहयोग सम्बन्धी विधि</u>

१४. <u>सेवा प्रदायक संघ संस्थाको दायित्वः</u> सेवा प्रदायक संघ संस्थाको दायित्व देहाय बमोजिम हुनेछः-

(क) अस्थायी संरक्षण सेवा केन्द्र र सामाजिकीकरण केन्द्रले सडक बालबालिका उद्धार भएर वा स्थानान्तरण तथा हस्तान्तरण भएर सो केन्द्रमा भर्ना भएपछि बालबालिकाको उमेर, इच्छा, शैक्षिक योग्यता, शारीरिक तथा मानसिक अवस्थाको विश्लेषण गरी अनुसूची -६ बमोजिमको ढाँचामा देहायको विषय समावेश भएको बालबालिकाको सुधार कार्ययोजना बनाउनु पर्नेछः-

(१) परिवार र समुदायप्रतिको बालबालिकाको धारणा,

(२) बालबालिकामा परिवार तथा समुदायप्रति नकारात्मक धारणा

सह-सचिव

सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

भएमा त्यसलाई परिवर्तन गराउन अवलम्बन गर्नुपर्ने सामाजिकीकरण लगायतका उपाय,

(३) बालबालिकालाई जीवन र समाजप्रति सकारात्मक भावको विकास गराउने क्रियाकलाप तथा कार्य,

(४) बालबालिकाको मनोसामाजिक समस्याको कारण निजको परिवार भएको देखिएमा परिवारका सदस्यलाई समेत मनोसामाजिक तथा पारिवारिक परामर्श सेवा,

(५) बालबालिकालाई निजकै जीवनप्रति आशा, भरोसा र विश्वास जगाउने वा पलाउने सहयोग, मार्गदर्शन वा मार्गको चित्रण,

(६) योग्यताका आधारमा सम्मानका साथ आत्मनिर्भर भएर जीउन सकिने सीप, ज्ञान, पेशा, कार्य वा व्यवसायको जानकारी,

(७) बालबालिकाको काम, कर्तव्य र बाल अधिकार ।

(ख) माथि खण्ड (क) मा उल्लिखित बालबालिकाको सुधार कार्ययोजनाका अतिरिक्त सम्बन्धित अस्थायी संरक्षण सेवा प्रबन्ध मापदण्ड बमोजिम अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र र सामाजिकीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।

स्पष्टीकरण: खण्ड (ख) प्रयोजनका लागि यस कार्यविधिका अतिरिक्त सडक बालबालिका रहने बाल गृह, पुनर्स्थापना केन्द्र र लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रको मापदण्ड बमोजिम समेत सञ्चालन तथा व्यवस्थापन गर्ने भन्ने बुझ्नु पर्छ ।

(ग) यस निर्देशिका बमोजिमको सेवा, सुविधा र सुधारका लागि विभिन्न उपाय अवलम्बन गरी प्राप्त स्रोत साधनको व्यवस्था तथा परिचालन गर्ने ।

(घ) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको वैयक्तिक विवरण अनुसूची -५ बमोजिमको ढाँचामा राख्नु पर्ने ।

(ङ) संघ, प्रदेश, स्थानीय तह, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससबाट प्राप्त र स्वयम् संस्थाबाट सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि खर्च भएको रकमको वार्षिक लेखा परीक्षण प्रतिवेदन असोज मसान्तभित्र सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा पेश गर्ने ।

(च) संरक्षण तथा व्यवस्थापन, सेवा प्रवाह तथा बालबालिकाको अनुगमन तथा पृष्ठपोषणबाट व्यक्तिगत रुपमा सुधार गर्ने योजना निर्माण गरी सो सम्बन्धी प्रगति विवरण अनुसूची -६ बमोजिमको ढाँचामा राख्नु पर्ने ।

सह-सचिव

सचिव

(छ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(ज) उद्धार गरिएका सडक बालबालिकाको पारिवारिक पुनर्मिलन हुन नसक्ने अवस्था भई सम्बन्धित निकायबाट वा बाल कल्याण अधिकारबाट दीर्घकालीन संरक्षणका लागि सिफारिस भै आएमा बाल गृहमा राखी पालन पोषण, स्याहार सुसार तथा हेरचाह, शिक्षादीक्षा तथा संरक्षणको आवश्यक व्यवस्था मिलाउने।

(झ) प्रचलित कानून वा नेपाल सरकारले निःशुल्क भनी तोकेको आधारभूत स्वास्थ्य सेवाबाहेकका अन्य स्वास्थ्य सेवासमेत समेट्ने गरी अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको स्वास्थ्य बीमा गराउनु पर्नेछ ।

१५. अस्थायी संरक्षण सेवा केन्द्रको दायित्वः (१) अस्थायी संरक्षण सेवा केन्द्रको दायित्व देहाय बमोजिम हुनेछः-

(क) उपयुक्त वातावरण प्रदान गरी सडकमा फर्कनबाट रोक्ने ।

(ख) बालबालिकाको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकतानुसार आधारभूत सेवा सुविधा उपलब्ध गराउने ।

(ग) उद्धार गरिएका बालबालिका तथा उनीहरूको परिवारको सूचना संकलन गर्ने।

(घ) शारीरिक, मानसिक तथा शैक्षिक अवस्थाको जानकारी लिई बालबालिकाको अवस्थामा सकारात्मक सुधार ल्याउने ।

(ङ) बालबालिकाको अवस्थामा सकारात्मक सुधारको आधारमा सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(च) प्रत्येक बालबालिकाको पूर्ण विवरण तथा फोटो सहितको घटना अध्ययन विवरण, नियमित सुधारका लागि गरिएका दैनिक तथा साप्ताहिक कार्य तथा अभ्यासहरू सहितको विवरण तयार गर्ने र सकेसम्म चाँडो सडक बालबालिका सामाजिकिकरण केन्द्रमा स्थानान्तरण वा हस्तान्तरण गर्ने ।

(छ) बालबालिकालाई उचित आवासको व्यवस्था गर्ने तथा पोषण युक्त खानाको व्यवस्था गर्ने ।

स्पष्टीकरणः खाना बनाउने तथा सरसफाईमा सामाजिक कार्यकर्तासँग बालबालिकालाई पनि उमेर अनुसार संलग्न गराई विस्तारै जिम्मेवार बनाउदै लगिने, खानाको र मनोविमर्श दिने तालिका देखिने गरी राख्नु पर्ने, खाना तालिका र कामको बाँडफाँड सम्बन्धी निर्णय गर्दा उनीहरूको सहभागितामा छलफलबाट गर्नुपर्नेछ।

(ज) आवश्यकता हेरी बालबालिकामा प्रतिकूल असर नपर्ने गरी उनीहरूको सरसफाईमा विशेष ध्यान दिने ।

सह-सचिव सचिव

(झ) सामान्य घाउ चोटपटक लागेको वा बिरामी भएको वा औषधि उपचार गर्नुपर्ने अवस्था भएमा प्राथमिक उपचारको व्यवस्था गर्ने । तर थप उपचारको आवश्यकता देखिएमा नजिकको सरकारी तथा सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा लगेर उपचार गराउनु पर्ने।

(ञ) बालबालिकाको उचित स्वास्थ्यको लागि निम्न कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छः-

(१) सामान्य स्वास्थ्य परीक्षण ।

(२) रगत समूह जाँच, एचआईभी, यौनजन्य सरुवा रोग, हेपाटाइटिस जाँच ।

(३) दिसा, पिसाबको जाँच ।

(४) क्षयरोग तथा अन्य सरुवा रोग परीक्षण ।

(५) गम्भीर तथा घातक रोगहरूको परीक्षण ।

(ट) औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकालाई शिक्षा प्रदान गरी कम्तीमा साक्षर बनाउने तथा उमेर र रुची अनुसार औपचारिक शिक्षाको लागि विद्यालय भर्ना गर्न वातावरण तयार गर्ने ।

(ठ) शारीरिक तथा मानसिक विकास हुने खालका सिर्जनात्मक गतिविधिहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

<u>स्पष्टीकरणः</u> योग तथा ध्यान गराउने, चित्र बनाउने, कथा लेख्ने तथा कथा भन्ने, नृत्य, गीतसंगीत, कोठा भित्र खेलिने खेल, शब्दजाल, छलफल जस्ता चलचित्र, टि.भी. कार्यक्रममा सहभागी गराउने, रूचि अनुसारको खेलहरू फुटबल, तेक्वान्दो, कराँते, क्रिकेट, टेबल टेनिस जस्ता खेल दैनिक तालिका बनाई खेलाउनु पर्ने । तर त्यस्ता गतिविधिमा उनीहरूको इच्छा अनुसारको खेलमा सहभागी गराउनु पर्ने र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु नहुने, बरु अन्य विकल्प दिने । साथै समय समयमा बाह्य भ्रमण गराउनु उपयुक्त हुने र उल्लिखित कार्यको दैनिक गतिविधिको तालिका समेत देखिने गरी राख्नुपर्ने।

(ड) जिम्मेवार निकायले तोकेका मापदण्डहरू लागू गर्ने ।

(ड) सडक बालबालिकाको लागि साधारण उपचार तथा मनोविमर्श सेवा उपलब्ध गराउने तर विशेष उपचार र मनोविमर्श सेवा आवश्यक देखिएका बालबालिकालाई चिकित्सक वा विशेष योग्यता प्राप्त मनोविमर्शकर्ताबाट सेवा उपलब्ध गराउने ।

(ढ) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४), बाल हेल्पलाइन सेवा

सह-सचिव सचिव

१०९८ (दश,नौ,आठ) तथा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा सम्बन्धित संस्थाले तुरुन्त जानकारी दिने ।

(ण) भागेका बालबालिकाको खोजी गर्ने जिम्मेवारी सोही संस्थाको हुने ।

(त) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण मासिक, त्रैमासिक र वार्षिक रुपमा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा बुझाउने ।

(थ) बालबालिकाको विवरण तोकिएको अनलाइन ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(द) सडक बालबालिका घटना व्यवस्थापन प्रक्रियामा क्रमशः बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (Child Protection Information Management Systerm - CPIMS) लागू गर्ने ।

(२) कम उमेरका र सडकमा आएका छोटो समय भएका बालबालिका पहिचान गरी बढी उमेरका र लामो समयसम्म सडकमा रहेका तथा विभिन्न दुर्व्यसनको लत भएका बालबालिका अलग अलग राख्ने ।

(३) उद्धार गरिएका सडक बालबालिकाको लेखाजोखा गरी आवश्यकता अनुसार अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रमा राख्ने ।

(४) उद्धार गरिएका सडक बालबालिकाको धूमपान तथा मध्यपान सेवन, लागू औषधको लत तथा अन्य कुनै हानिकारक व्यवहार छुटाउन आवश्यक थप व्यवस्था गर्ने ।

(५) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सो संस्थाको आफ्नै सामाजिकीकरण केन्द्र नभएमा बालबालिका खोजतलास सेवा १०४ वा सम्बन्धित स्थानीय तह वा प्रदेश मन्त्रालय वा परिषद्को समन्वयमा अन्य संस्थाबाट सञ्चालित सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(६) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु नपर्ने देखिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गर्ने।

(७) परिवार पत्ता नलागेमा दीर्घकालीन संरक्षणका लागि बालबालिका खोजतलास सेवा वा परिषद् वा प्रदेश मन्त्रालय वा सम्बन्धित स्थानीय तह तथा बाल कल्याण अधिकारीको सिफारिसमा अन्तिम विकल्पको रूपमा वैकल्पिक हेरचाहको अन्य व्यवस्था सम्भव नभएमा बाल गृहमा राख्ने व्यवस्था गर्ने ।

१६. <u>सामाजिकीकरण केन्द्रको दायित्वः</u> (१) दफा १५ मा उल्लिखित दायित्वको अतिरिक्त सामाजिकीकरण केन्द्रको दायित्व देहाय बमोजिम हुनेछः-

(क) बालबालिका सडकमा रहँदा अपनाएका खराब लत पूर्ण रुपमा त्याग्ने अवस्था सिर्जना गर्ने ।

सह-सचिव

सचिव

(ख) बालबालिकाको शारीरिक तथा मानसिक अवस्थामा सुधार ल्याउने र सीप तथा क्षमता विकास गर्ने ।

(ग) उमेर अनुसार साक्षर बनाउने वा विद्यालय भर्ना गर्न तयारी गर्ने ।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको सूचि र विभिन्न कारणले विद्यालय भर्ना हुन नसक्ने बालबालिकाको रूचि अनुसारको तालिमको नक्शाङ्कन गर्ने।

(ङ) सामाजिकीकरण भई तालिममा पठाउन योग्य भएका बालबालिकालाई सम्बन्धित तालिम केन्द्र वा सेवा प्रदायक संस्थामा पठाउने ।

(च) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनर्स्थापनाको लागि तयारी गर्ने ।

(छ) बालबालिकाको परिवारको खोजी, पहिचान र लेखाजोखा गर्ने ।

(ज) परिवारको समस्या पहिचान गरी समस्या समाधान गर्न सक्षम बनाउने ।

(झ) सडक बालबालिकाको निमित्त उनीहरूको परिवारमा रहने उचित वातावरण बनाउन सहयोग गर्ने ।

(ञ) सडक बालबालिका र परिवारका सदस्यहरुबीच आइपर्ने समस्या आपसी समन्वयमा समाधान गर्न सहयोग गर्ने ।

(ट) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास सेवा निःशुल्क टेलिफोन नं. (१०४), बाल हेल्पलाइन सेवा १०९८ (दश,नौ,आठ) तथा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा तुरुन्त जानकारी दिने ।

(ठ) भागेका बालबालिकाको खोजी गर्ने ।

(ड) सामाजिकीरण केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण सहित सुधारको अवस्था सम्बन्धी विवरण त्रैमासिक, त्रैमासिक र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्मा बुझाउने ।

(ढ) बालबालिकाको विवरण परिषद्ले तोकिएको ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(ण) सडक बालबालिका घटना व्यवस्थापन प्रक्रियामा क्रमशः बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (Child Protection Information Management Systerm -CPIMS) लागू गर्ने ।

(२) सामाजिकीकरण केन्द्रमा रहेका बालबाललिकालाई शिक्षा, तालिम, मनोविमर्श, मनोसामाजिक, स्वास्थ्य उपचार र उनीहरुको क्षमता पहिचान सहित सुनिश्चित भविष्यका लागि सम्बन्धित सेवा प्रदायक अन्य संघ संस्थासँग समन्वय गर्ने ।

१७. <u>सेवा प्रदायक संघ संस्थाको सूचीकरण, नक्साङ्कन र कार्य सम्पादन सम्झौताका लागि सार्वजनिक सूचना जारी गरिने:</u> (१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत परिषदमा सूचीकृत भै कार्य सम्पादन सम्झौता गरिएका सेवा प्रदायक संस्थाका अतिरिक्त थप संस्थाको आवश्यकता भएमा परिषद्ले सूचना प्रकाशन,

सह-सचिव सचिव

मूल्याङ्कन तथा लेखाजोखाका आधारमा संस्था छनौट र कार्य सम्पादन सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकृत सेवा प्रदायक संस्था सम्बन्धी विवरण परिषद्ले सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालय र स्थानीय तहले आफ्नो आवश्यकतानुसार सेवा प्रदायक संस्थाको सूचीकरण गरी कार्यसम्पादन सम्झौता गर्न बाधा परेको मानिने छैन र सोको जानकारी परिषद्लाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्ले गर्दै आएको संस्थागत सहयोग कार्यलाई विस्तारै सम्बन्धित स्थानीय तह तथा प्रदेशबाट सञ्चालन तथा व्यवस्थापन हुने वातावरण तयार गरी हस्तान्तरण गरिनेछ ।

१८. अभिमुखीकरण तथा समन्वय गरिनेः दफा १७ बमोजिम सम्झौता गरिएका सेवा प्रदायक संघ संस्थाका कर्मचारी र सम्बन्धित निकायलाई प्रभावकारी समन्वय, सहयोग र सहजीकरणका लागि परिषदबाट विशिष्टीकृत सेवा प्रवाह सम्बन्धी अभिमूखीकरण गरिनेछ ।

१९. सार्वजनिक सूचना प्रकाशनः (१) आवश्यकतानुसार जिम्मेवार निकायले सडकमा बसेका बालबालिका उद्धार गरी अस्थायी संरक्षण सेवा केन्द्र, लागू औषध तथा उपचार पुनर्स्थापना केन्द्र वा सामाजिकीरण केन्द्र वा बाल गृहमा पठाउने कार्यका लागि सहकार्य गर्न चाहने सेवा प्रदायक संघ संस्थालाई प्रस्ताव पेश गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सार्वजनिक सूचनाबाट सम्बन्धित इच्छुक सेवा प्रदायक संघ संस्थाले तोकिएको ढाँचा र समय सीमाभित्र प्रस्ताव पेश गर्न सक्नेछ ।

२०. मूल्याङ्कन तथा लेखाजोखा र सूचीकरणः (१) दफा १९ बमोजिमको सूचनाबाट प्राप्त प्रस्तावको आधारमा त्यस्ता केन्द्र वा गृह सञ्चालन गर्न इच्छुक संघ संस्थाहरूसँग विद्यमान रहेको भौतिक पूर्वाधारको अवस्था, उपलब्ध सेवा तथा सुविधा, क्षमता, स्रोत तथा साधनको विवरण परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहले तोकेको ढाँचामा तयार गरिनेछ ।

(२) सेवा प्रदायक संघ संस्थाको राष्ट्रिय अभिलेख तथा सूचना विवरण एकीकृत रुपमा परिषद्मा रहनेछ ।

(३) परिषद्ले सडक बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाहरूको भौतिक पूर्वाधार, सेवा सुविधाको अवस्था, उपलब्ध सेवा, क्षमता, स्रोत तथा साधनको विवरण र कार्यक्रम सहित सूचि तयार गरी त्यस्ता संस्थालाई सूचीकृत गर्नेछ र सोको जानकारी सम्बन्धित प्रदेश र स्थानीय तहलाई वार्षिक रूपमा उपलब्ध गराउनेछ ।

तर प्रदेश मन्त्रालय वा स्थानीय तहले माथि उल्लेखित आधार बाहेक अन्य आधारहरू तयार गरेर समेत सूचीकृत गरी अद्यावधिक गर्न सक्नेछन् र सोको एकप्रति विवरण परिषद्मा समेत पठाउनु पर्नेछ।

सह-सचिव

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

२१. <u>संस्था छनौट तथा सम्झौता:</u> (१) जिम्मेवार निकायले दफा १९ र २० बमोजिम सूचिकृत भई सहकार्य गर्न इच्छुक सेवा प्रदायक संघ संस्थाको लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गरी सेवा प्रदायक संस्था छनौट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका संस्थाहरूसँग कार्य सम्पादन सम्झौता गरी सेवा तथा कार्यहरु सञ्चालन गर्न गराउन सकिनेछ ।

२२. <u>सेवा प्रदायक संघ संस्थालाई जानकारी गर्नुपर्ने:</u> (१) जिम्मेवार निकायले सडकमा बसेका बालबालिकाका लागि समन्वयात्मक रूपमा कार्य तथा कार्यक्रम सञ्चालन गर्न यस निर्देशिका र उद्धार प्रक्रियाका बारेमा सेवा प्रदायक संघ संस्थालाई समय समयमा जानकारी गराउन सक्नेछ ।

(२) सडक बालबालिकाका लागि सञ्चालन गरिने कार्यक्रमहरु यसै निर्देशिका अनुरुप कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

(३) कुनै पनि गतिविधिबाट बालबालिकालाई सडकमा नै आश्रित रहन प्रोत्साहन गर्ने खालका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन नगर्न नगराउन आम सञ्चारका माध्यमबाट प्रसार प्रसार तथा प्रसारण र प्रकाशन गरिनेछ वा सरोकारवालासँग समन्वय बैठक गरिनेछ।

(४) सडक बालबालिकालाई सहयोग गर्न चाहने व्यक्ति वा संस्थालाई बरू सडक बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण सेवा प्रबन्ध गर्ने प्रयोजनका लागि अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र वा सामाजिकीकरण केन्द्र सञ्चालन गर्न तथा सञ्चालन गर्न सहयोग गर्न एवम् पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना गर्न केन्द्रित रहने कार्यक्रममा सहयोग गर्न गराउन प्रोत्साहन गरिनेछ ।

(५) सडक बालबालिकाको अधिकार तथा हक हितको नाममा बालबालिकालाई सडकमै रहन प्रोत्साहन गर्ने खालका देहाय बमोजिमका कार्यहरू निषेध गरिएकोछः-

(क) सडकमा नै खाना खुवाउने, कपडा बाँड्ने र स्वास्थ्य उपचार गर्ने, विभिन्न कक्षा सञ्चालन गर्ने तथा कुनै पनि विषयमा शिविर सञ्चालन गर्ने र कार्यक्रम समाप्ति पश्चात बालबालिकालाई सडकमा नै छाड्ने प्रकृतिका कार्य ।

(ख) कुनै पनि अवसरको बहानामा बालबालिका जम्मा गरी सडकमै अथवा अन्यत्र लगी कार्यक्रम गर्ने र कार्यक्रम सकिए पश्चात् पुनः सडकमै छोडिदिने प्रकृतिका कार्य ।

(ग) सडक बालबालिकालाई रकम वा खाने कुरा दिने वा रकम दिएर काममा लगाउने प्रकृतिका कार्य ।

(घ) अन्य कुनै पनि प्रकारबाट सडकमा नै बसिरहेका कारण उपलब्ध गराइने सेवा र निश्चित सहयोग पश्चात पुनः सडकमा नै बस्नुपर्ने अवस्था सिर्जना हुने कुनै पनि सहयोग वा यस्तै कार्यक्रम ।

(ङ) सडक बालबालिका प्रयोग गरी गैर कानूनी आर्थिक लाभ लिने वा अपराधिक क्रियाकलापमा संलग्न गराउने कार्य ।

२३. <u>सेवा प्रदायक संघ संस्थालाई सशर्त अनुदान दिई सञ्चालन गर्न सकिने सेवा तथा कार्यको वर्गीकरण, मापदण्ड र सीमा:</u> (१) जिम्मेवार निकायले यस निर्देशिका बमोजिम सेवा प्रदायक संघ संस्थासँग

सह-सचिव सचिव

नियमानुसार कार्य सम्पादन सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न अनुदान रकमको मापदण्ड तोकेर उपलब्ध गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम सेवा प्रदायक संघ संस्थाले उपदफा (३) मा तोकिएको सीमाभित्र रही देहाय बमोजिमका सेवा प्रवाह गर्न तथा कार्यहरू सञ्चालन गर्न गराउन मात्र खर्च गर्न सक्नेछः-

(क) पालन पोषणका लागिः खाद्यान्न, तरकारी, फलफूल, लत्ता कपडा ।

(ख) स्वास्थ्य उपचारका लागिः सरकारी तथा सामुदायिक स्वास्थ्य प्रतिष्ठान र अस्पतालमा लागेको चेकजाँच र खरिद गरिएको बील अनुसारको औषधि उपचार खर्च वा स्वास्थ्य बीमा वापतको नियमानुसारको बीमा रकम ।

तर सरकारी स्वास्थ्य संस्थामा उपचार सम्भव नहुने भनी प्रचलित कानून बमोजिम अधिकार प्राप्त चिकित्सकको सिफारिसका आधारमा परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहको पूर्व स्वीकृति लिएर निजी स्वास्थ्य संस्थाबाट भएको उपचार खर्च भुक्तानी गर्न बाधा नपर्ने ।

(ग) मानसिक उपचार तथा मनोविमर्श सेवा शुल्क, मनोबल अभिवृद्धि मूलक तालिम शुल्क र नियमित मनोविमर्श तथा विमर्शकर्ता शुल्क ।

(घ) कूल अनुदान सहयोग रकमको प्रशासनिक खर्च बीस प्रतिशतसम्म ।

(ङ) चौध वर्षमुनिका बालबालिका हेरचाह, स्याहारसुसार गर्ने हेरचाह तथा स्याहार सुसारकर्ता कर्मचारी पारिश्रमिक खर्च ।

(च) घरभाडा तिर्नु पर्नेको हकमा कूल मासिक घरभाडा खर्चको पच्चीस प्रतिशतसम्म ।

(छ) पारिवारिक लेखाजोखा, परामर्श, पुनर्मिलन र पुनर्स्थापना खर्च ।

(ज) सामुदायिक विद्यालयमा अध्ययन गर्न लाग्ने शिक्षा सम्बन्धी खर्च र सत्प्रवचन तथा सत्सङ् सम्बन्धी लागेको कक्षागत शुल्क ।

(झ) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त/ सह क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन खर्च ।

(३) परिषद्ले उपदफा (१) र (२) बमोजिमको सेवा तथा कार्य सञ्चालन गर्न तोकिएको सेवा प्रदायक संघ संस्थाले देहाय बमोजिम निर्धारण गरिएको वजेट तथा कार्यक्रम अनुदान रकमको मापदण्ड तथा सीमाभित्र रही खर्च गर्नुपर्नेछः-

(क) आश्रित बालबालिकाको प्रमाणित हाजिरीको आधारमा आश्रय अवधि कायम गरी अनुदान रकम भुक्तानी गरिनेछ ।

(ख) अस्थायी संरक्षण सेवा केन्द्र वा सामाजिकीकरण केन्द्र वा बाल गृह वा संस्थामा आश्रित लागू औषध उपचार तथा डेन्ड्राइडजस्ता नशाको लत नपरेका सडक बालबालिकाको लागि मासिक प्रति बालबालिका रू. ७,०००/-(सात हजार मात्र) ।

सह-सचिव सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) लागू औषध उपचार तथा डेन्ड्राइडजस्ता नशाको लत भई लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रमा आश्रित सडक बालबालिकाको लागि मासिक प्रति बालबालिका रू.१०,०००/-(दश हजार मात्र) ।

(घ) एक महिनाभन्दा घटिबढी दिनको हकमा खण्ड (ख) र (ग) मा तोकिएको मासिक अनुदान रकमको औसत दिनको हिसाव गरी भुक्तानी गरिनेछ ।

(ङ) परिषद् वा प्रदेश मन्त्रालय वा स्थानीय तहले बजार भाउ तथा महंगी बढेको आधारमा प्रत्येक अर्को आर्थिक वर्षमा खण्ड (ख) र (ग) बमोजिमको मासिक अनुदान रकममा बढीमा पाँच प्रतिशतसम्म वृद्धि गरी सेवा प्रदायक संघ संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

(च) यस निर्देशिका बमोजिमको रोजगारीमूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालिम सरकारी निकायबाट उपलब्ध हुन नसक्ने भएमा वा निःशुल्क हुन नसकेको अवस्थामा त्यस्तो तालिममा सहभागिता गराउन परिषद्, प्रदेश मन्त्रालय र स्थानीय तहले सेवा प्रदायक संघ संस्था वा अन्य व्यवसायिक संघ संस्थासँग कार्य सम्पादन सम्झौता गरी तालिम अवधिको लाग्ने आंशिक वा पूरा तालिम शुल्क भुक्तानी गर्न सक्नेछ ।

(छ) यस निर्देशिका बमोजिमको परिवार सहयोग तथा सहयोग प्रायोजन गर्न परिषद्, प्रदेश मन्त्रालय र स्थानीय तहले चौध वर्ष उमेर पुगेको सडक बालबालिका वा सडक बालबालिकाको बाबुआमा वा बाबु वा आमा वा संरक्षकसँग कार्य सम्पादन सम्झौता गरी व्यवसायको प्रकृति र आवश्यकताका आधारमा एक पटकका लागि बढीमा एक लाख रूपैयाँसम्मको वस्तुगत स्रोत साधन वा नगद आर्थिक सहयोग रकम उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद -५

## सडक बालबालिका मुक्त नेपाल घोषणा विधि

२४. सडक बालबालिका मुक्त वडा घोषणा (१) प्रत्येक स्थानीय तहका वडाले सडकमा बस्ने बालबालिका आफ्नो वडाभित्रका टोल, समुदाय, गाउँ/वस्ती, गल्ली तथा सडक र कुनै पनि स्थानमा भएको नपाएमा वडा कार्य समितिको निर्णयले सडक बालबालिका मुक्त भएको वडा भनी निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय गर्नु अघि वडा कार्यालयले कम्तीमा ७ दिनको सार्वजनिक सूचना आवश्यकतानुसार सार्वजनिक कार्यालय तथा ठाउँमा टाँस गरी वा स्थानीय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गरी सडकमा बस्ने बालबालिका भए वा देखिएमा वडा कार्यालयमा सूचना दिनु भनी सूचना गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सडकमा बस्ने बालबालिका भेटिएमा सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारी वा बालबालिका शाखा/महाशाखा हेर्ने कर्मचारी र प्रहरीको सहयोगमा उद्धार

सह-सचिव सचिव

गरी नजिकको अस्थायी संरक्षण सेवा केन्द्रमा पुनर्स्थापनाका लागि पठाउनु पर्नेछ र सोको जानकारी स्थानीय तह, प्रदेश मन्त्रालय र परिषद्लाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उद्धार तथा पुनर्स्थापनाका लागि आवश्यक सहयोग, समन्वय, सहकार्यका लागि माग भै आएमा क्रमशः स्थानीय तह र स्थानीय बाल अधिकार समिति, प्रदेश मन्त्रालय र परिषद्ले सहजीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम वडा कार्य समितिले सडक बालबालिका मुक्त वडा भनी निर्णय गरेमा सोको जानकारी सम्बन्धित स्थानीय तहलाई यथासक्य चाँडो लिखित रुपमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम वडा कार्य समितिले निर्णय गरेको दिनलाई नै सो वडा सडक बालबालिका मुक्त वडा घोषणा भएको मानिनेछ ।

(७) माथि जुनसुकै कुरा लेखेको भए तापनि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बालमैत्री स्थानीय शासन वडा वा बालमैत्री स्थानीय तह घोषणा भएका सबै वडाहरु स्वतः सडक बालबालिका मुक्त वडा घोषणा भएको मानिनेछ ।

२५. <u>सडक बालबालिका मुक्त स्थानीय तह घोषणा</u> (१) स्थानीय तहका सबै वडा सडक बालबालिकामुक्त वडा घोषणा भएको जानकारी स्थानीय तहको कार्यपालिकाको कार्यालयमा प्राप्त भएमा सो यकीन गरी सडक बालबालिका मुक्त गाउँपालिका वा नगरपालिका/ उममहानगरपालिका / महानगरपालिका भएको निर्णय कार्यपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाले निर्णय गरेको दिनलाई नै सो स्थानीय तह सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सडक बालबालिका मुक्त घोषणा भएका स्थानीय तहले यथासक्य सोको लिखित जानकारी प्रदेश मन्त्रालय र परिषद्लाई पठाउनु पर्नेछ र सडक बालबालिका मुक्त गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका भएको सन्देश आफ्नो वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भए तापनि बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बालमैत्री स्थानीय तह घोषणा भएका सबै स्थानीय तहहरू स्वतः सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको मानिनेछ ।

२६. <u>सडक बालबालिका मुक्त प्रदेश घोषणा</u> (१) प्रदेशका सबै स्थानीय तहहरु सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको जानकारी प्रदेश मन्त्रालयमा प्राप्त भएमा सो यकीन गरी प्रदेश मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले निर्णय गरी सडक बालबालिका मुक्त प्रदेश घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले निर्णय गरेको दिनलाई नै सो प्रदेश सडक बालबालिका मुक्त प्रदेश घोषणा भएको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सडक बालबालिका मुक्त घोषणा भएका प्रदेश सरकारले प्रदेश मन्त्रालयमार्फत यथासक्य छिटो सोको लिखित जानकारी मन्त्रालय र परिषद्लाई पठाउनु पर्नेछ र सडक बालबालिका मुक्त प्रदेश भएको सन्देश आफ्नो वेबसाइटमा समेत राख्नु पर्नेछ ।

सह-सचिव सचिव

२७. <u>सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा गर्न सकिने:</u> माथि जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका प्रारम्भ हुँदाका बखत सम्बन्धित वडा, स्थानीय तह र प्रदेशले आ-आफ्नो क्षेत्रभित्र तीस दिन अगाडि देखि सडकमा बस्ने बालबालिका नदेखेको वा फेला नपारेको भएमा सडक बालबालिका मुक्त वडा, स्थानीय तह र प्रदेश घोषणाको निर्णय गर्न सक्नेछन् ।

२८. <u>सडक बालबालिका मुक्त नेपाल घोषणा</u> (१) सबै प्रदेशहरू सडक बालबालिका मुक्त प्रदेश घोषणा भएको जानकारी परिषद् र मन्त्रालयमा प्राप्त भएमा सो यकीन गरी परिषद्को सिफारिस र मन्त्रालयको स्वीकृति तथा प्रस्तावमा सडक बालबालिका मुक्त नेपाल भएको निर्णय नेपाल सरकारले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले निर्णय गरेको दिनलाई नै सडक बालबालिका मुक्त नेपाल घोषणा भएको मानिनेछ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि लगातार १५ दिनको अनुगमन एवं निगरानीबाट सडकमा बालबालिका बसेको जानकारी प्राप्त भएकै दिन उद्धार गर्ने संयन्त्र सुनिश्चित भएको भनी राष्ट्रिय बाल अधिकार परिषदले प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गरेमा वा राष्ट्रिय जनगणना २०७८ अनुसार कायम रहेको बालबालिकाको कूल जनसंख्याको ०.००५ प्रतिशतभन्दा कम बालबालिका पछिल्लो तीन आर्थिक वर्षको औसतमा सडकबाट उद्धार गरिएको पाइएमा परिषद्को सिफारिस र मन्त्रालयको स्वीकृति तथा प्रस्तावमा सडक बालबालिका मुक्त नेपाल भएको निर्णय तथा घोषणा नेपाल सरकारले गर्न सक्नेछ ।

२९. <u>सडक बालबालिका मुक्त नेपाल घोषणाको दिगोपना तथा रणनीतिक योजना:</u> (१) यस निर्देशिका बमोजिम सडक बालबालिका मुक्त नेपाल घोषणाको निरन्तरता, स्थायित्व र दिगोपनका लागि मन्त्रालयले सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीतिक योजना निर्माण गरी लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय रणनीतिक योजनाका आधारमा सम्बन्धित प्रदेश मन्त्रालयले सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्रादेशिक रणनीतिक योजना निर्माण गरी लागू गर्न सक्नेछ ।

(३) राष्ट्रिय रणनीतिक योजना र प्रादेशिक रणनीतिक योजनाका आधारमा सम्बन्धित स्थानीय तहले सडकमा बस्ने बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी स्थानीय योजना निर्माण गरी लागू गर्न सक्नेछ ।

(४) सडकमा बस्ने, सडकमा माग्ने र सडकमा श्रम गर्ने बालबालिकाको सडकमा आउनुपर्ने अवस्थाको रोकथाम, न्यूनीकरण र अन्त्यका लागि जिम्मेवार निकायको अगुवाइमा सम्बन्धित सेवा प्रदायक संघ संस्थाले सचेतनामूलक लगायतका आवश्यक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

सह-सचिव सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद -६

## विविध

३०. निर्देशन दिन सक्नेः सडकमा बस्ने बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा सेवा कार्यान्वयनको लागि प्रदेश बाल अधिकार समिति, परिषद र मन्त्रालयले सेवा प्रदायक संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र निर्देशन पालना गर्नु सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

३१. खारेजी र बचाउः (१) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सह-सचिव

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

उद्धार गरिएका सडक बालबालिकाको प्रारम्भिक लेखाजोखा फाराम
(आ.व. २०८ .../...)

बालबालिकाले बताएको आफ्नो नामः-

| सि.नं. | विवरण | सि.नं. | विवरण |
|---|---|---|---|
| १. | रजिष्टर/दर्ता नम्बरः- | २४. | उद्धार गरिएको स्थानः- |
| २. | लेखाजोखा मितिः- | २५. | सिफारिस पत्र/मुचुल्काको छोटकरी विवरणः- |
| ३. | लेखाजोखा गरिएको स्थानः- | २६. | पत्र भए चलानी नम्बरः |
| ४. | सूचना लिने कर्मचारीको नामः- | २७. | पत्रको मितिः |
| ५. | सूचना लिने कर्मचारीको दर्जाः- | २८. | निकाय/व्यक्तिको फोन नं.: |
| ६. | केन्द्र/कार्यालयः- | २९. | उद्धार गर्दाको पहिरनः- |
| **सूचित मञ्जुरी** | | **स्थायी ठेगाना** | |
| ७. | लेखाजोखाको लागि बालबालिकाको मञ्जुरी दिएको छ/छैनः- | ३०. | प्रदेशः- |
| ८. | लेखाजोखाको लागि परिवार/अभिभावकले सूचित मञ्जुरी दिएको छ/छैनः- | ३१. | जिल्लाः- |
| **बालबालिकाको व्यक्तिगत विवरण** | | ३२. | गा.पा/न.पाः- |
| ९. | पूरा नाम थरः- | ३३. | वडा नं. :- |
| १०. | उपनामः- | ३४. | टोल/गाउँः- |
| ११. | लिङ्गः- | **अस्थायी ठेगाना** | |
| १२. | उमेरः- | ३५. | प्रदेशः- |
| १३. | उचाईः | ३६. | जिल्लाः- |
| १४. | तौलः- | ३७. | गा.पा/न.पा.:- |
| १५. | शारीरिक बनावटः | ३८. | वडा नं. :- |
| १६. | जात/जातिः- | ३९. | टोल/गाउँः- |
| १७. | राष्ट्रियताः- | **पारिवारिक विवरण** | |
| १८. | धर्मः- | ४०. | बाबुको नामः- |
| १९. | बोलिने भाषाः- | ४१. | पेशाः- उमेरः- |
| २०. | घर तथा परिवार छोडेको मिति/वर्षः- | ४२. | जीवित/मृत्यु/बेपत्ता/छाडेको भए कति भयोः- |
| **उद्धार सम्बन्धी विवरण** | | ४३. | आमाको नामः- |
| २१. | उद्धार गर्ने निकाय/व्यक्तिः- | ४४. | पेशाः- उमेरः- |
| २२. | उद्धार गरिएको मितिः- | ४५. | जीवित/मृत्यु/बेपत्ता/छाडेको भए कति भयोः- .... |
| २३. | उद्धार गरिएको समयः- | ४६. | बाबु/आमाको सम्पर्क फोन नम्बरः- |
| **बालबालिका परिवारसँग नभै संरक्षकत्व/ अभिभावकत्वमा हुर्केको रहेछन् भने** | | | बाल श्रमसँग जोडिएको अन्य विवरणः- |

सह-सचिव          सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| ४७. | अभिभावक / संरक्षकको नाम:- | | |
| ४८. | फोन नं.:- | | |
| ४९. | प्रदेश:- | | |
| ५०. | जिल्ला:- | | |
| ५१. | गा.पा/न.पा:- | | |
| ५२. | वडा नं. :- | | |
| ५३. | टोल/गाउँ:- | | |
| ५४. | बालबालिका र अभिभावक/ संरक्षकको नाता सम्बन्ध:- | **संरक्षण सम्बन्धी अन्य कुरा** | |
| **शैक्षिक अवस्था** | | ७५. | (१) बालबालिका विरुद्धको हिंसा (२) बाल यौन दुर्व्यवहार (३) मादक / लागू पदार्थ सेवन (४) कुटपिट (५) अन्य भए उल्लेख गर्ने:- |
| ५५. | बालक/बालिका हाल विद्यालयमा अध्ययनरत छ/छैन:- | | |
| ५६. | अध्ययनरत कक्षा:- | | |
| ५७. | विद्यालयको नाम र ठेगाना:- | ७६. | परिवार, अभिभावक वा संरक्षकबाट सम्पर्क विहीन वा हराउनुको कारण संक्षेपमा उल्लेख गर्ने:- |
| ५८. | यदि विद्यालय छोडेको भए कहिले छोड्यो र कारण:- | | |
| ५९. | कुनै अनौपचारीक शिक्षा हासिल गरेको भए उल्लेख गर्ने:- | | |
| **स्वास्थ्यको अवस्था** | | | |
| ६०. | तुरुन्तै उपचार चाहिने कुनै स्वास्थ्य सम्बन्धी समस्या वा विरामी छ / छैन:- | | |
| ६१. | यदि छ भने प्रकार उल्लेख गर्ने:- | ७७. | बालक/ बालिकाको समस्या पहिचान बुँदागत रुपमा उल्लेख गर्ने:- |
| ६२. | कुनै प्रकारको अपाङ्गता छ / छैन:- छ भने उल्लेख गर्ने:- | | |
| ६३. | स्वास्थ्य जाँचको लागि विशेषज्ञले अन्य कुरा सिफारिस गरेको छ/छैन:- छ भने उल्लेख गर्ने: - | | |
| ६४. | कुनै रोगको औषधि सेवन गरिरहेको छ/ छैन:- | | |
| ६५. | मानसिक अवस्था सामान्य छ/छैन:- छ भने उल्लेख गर्ने:- | ७८. | समस्या समाधानका लागि गर्न सकिने उपाय तथा उच्चतम / सर्वोत्तम हितका लागि गर्न सकिने वा गरिएको प्रयास:- |
| **बाल श्रम सम्बन्धी अवस्था** | | | |
| ६६. | कुनै प्रकारको श्रममा संलग्न भए /नभएको:- संलग्न भएको भए बाल श्रमको विवरण उल्लेख गर्ने((१) घरेलु श्रम (२) सडक बालबालिका (३) यातायात (४) बेचबिखन तथा ओसारपसारमा परेमा (५) जरी तथा गलैचा कारखाना (६) कलकारखाना (७) होटल तथा रेष्टुरा (८) खानी (९) ईटाभट्टा (१०) कृषि | | |

सह-सचिव

सचिव

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | मजदुर (११) बँधुवा वा वाँधा श्रम (१२) भरिया (१३) अन्य भए खुलाउने):- | | |
| ६७. | श्रममा संलग्न रहेको समय (वर्ष / महिना उल्लेख गर्ने):- | | |
| ६८. | काम गरिरहेको स्थान//ठेगाना:- | | |
| ६९. | श्रममा लगाउने व्यक्तिको नाम:- | ७९. | बालबालिकाको औंठा छाप |
| ७०. | ठेगाना:- | ८०. | दायाँ बायाँ |
| ७१. | सम्पर्क नं.:- | | |
| ७२. | बाल श्रममा संलग्न हुनु पर्ने अवस्था / कारण:- | | |
| ७३. | रोजगार दाताको नाम:- | | |
| ७४. | सम्पर्क नं.:- | ८१. | बालबालिकाको हस्ताक्षर / सही: |
| **अस्थायी संरक्षण सेवा//सहयोग सम्बन्धी विवरण** | | **घर परिवार/ अभिभावक सम्पर्कको विवरण** | |
| ८२. | सिफारिस गरिएको मिति:- | ९४. | नाम:- |
| ८३. | सिफारिस गरिएको संस्था/निकायको नाम ठेगाना:- | ९५. | ठेगाना:- |
| | | ९६. | सम्पर्क नं.:- |
| ८४. | सम्पर्क व्यक्तिको नाम:- | ९७. | नाता सम्बन्ध:- |
| ८५. | सम्पर्क व्यक्तिको सम्पर्क फोन नं.:- | ९८. | फलो अप मिति:- |
| ८६. | अस्थायी संरक्षणमा भर्ना भएको मिति:- ..............देखि...............सम्म | ९९. | अन्य विवरण:- |
| ८७. | सिफारिस गर्ने निकायको नाम, ठेगाना:- | | |
| ८८. | पत्र संख्या: २०८... /...... | | |
| ८९. | सिफारिस पत्रको चलानी नम्बर:- | | |
| ९०. | सिफारिस पत्रको मिति:- | | |
| ९१. | सिफारिस गर्ने कर्मचारीको नाम:- | | |
| ९२. | दर्जा:- | | |
| ९३. | हस्ताक्षर:- | | |

**१००.** केन्द्र तथा कार्यालयको तयार र स्वीकृत पार्ने कर्मचारीको सुझाव:-
..............................................................................................................................................
..............................................................................................................................................
..............................................................................................................................................
..............................................................................................

<u>तयार गर्ने कर्मचारीको:</u>

नाम थर:......................

दर्जा:.....................

हस्ताक्षर:.......................

मिति:..........................

<u>स्वीकृत/प्रमाणित गर्ने कर्मचारीको:</u>

नाम थर:......................

दर्जा:.....................

हस्ताक्षर:.......................

मिति:..........................

सह-सचिव

सचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची -२

(दफा ९ को उपदफा (१)सँग सम्बन्धित)

बालबालिकाको पारिवारिक लेखाजोखा तथा मूल्याङ्कन फाराम

बालक/बालिकाको नामः उमेरः ..... वर्ष अध्ययनरत कक्षाः .....

शारीरिक/स्वास्थ्य अवस्थाः

स्थायी ठेगानाः हालको ठेगानाः

आमाको नामः सम्पर्क नं.: .................. मृत/बेपत्ताः ...............

बुबाको नामः सम्पर्क नं.: .................. मृत/बेपत्ताः ...............

पारिवारिक विवरणः हजुरबुवा/हजुरआमा/आमा/बुवा/काका/काकी/दिदी/दाइ/भाइ/बहिनी/अन्यः ................................

आमा/बुवाको शैक्षिक स्थितिः (निरक्षर/साक्षर/एस.एल.सी/उच्च शिक्षा) ................................

स्वास्थ्य र शारीरिक स्थितिः ............................

आमा/बुवाको मुख्य व्यवसाय/पेशाः ......................... मासिक आम्दानीः

पैतृक सम्पत्ति विवरणः घर/जग्गाः ........................

बाबुआमा दुवै नभएमा अभिभावकको नामः ...................... नाताः ............ पेशाः ................

ठेगानाः प्रदेश ................ जिल्लाः ................ स्थानीय तह .............. वडाः ...... गाउँ/टोल ..............

मासिक आम्दानीः .............. सम्पर्क नं.:

स्वास्थ्य र शारीरिक अवस्थाः

बालबालिकाको संरक्षण र पठनपाठनमा के समस्या छ ? ..............

अस्थायी संरक्षण सेवा केन्द्रमा भर्ना गर्न पठाउँदा शुल्क, यातायात खर्च, अन्य कुनै आर्थिक वा जिन्सी लेनदेन के कति गर्नु भयो?

बालबालिकाको संरक्षण जिम्मा लिन सक्नु/चाहनु हुन्छ ? ..........

यदि, सक्नु/चाहनु हुन्न भने - कारणहरुः ..............................

के कस्ता सहयोग पाएमा बालबालिका सँगै राख्नुहुन्छ ? ..................... ..............

बालबालिका जिम्मा लिएर के के गर्नु हुन्छ ? ................... .......................

लेखाजोखा गर्ने व्यक्तिको नामः पदः हस्ताक्षरः सम्पर्क नं.:

अस्यायी संरक्षण सेवा केन्द्र/संस्थाको नामः

मितिः .................. साल.............. महिना ......गते............. ।

सह-सचिव

सचिव

अनुसूची -३

(दफा ९ को उपदफा (१)सँग सम्बन्धित)

<u>बालबालिकालाई पारिवारिक पुनर्मिलन गरिएको फाराम</u>

## भरपाई

लिखितम् ........... को नाति/नातिनी ............. को छोरा/छोरी म............... ले प्रदेश ............. जिल्ला........ गा.पा./न.पा. ..................... वडा नं. ...... गाउँ/टोलः ............ बस्ने म ........................ को सहोदर ................ नाता पर्ने ....................... को नाति/नातिनी ..................... को छोरा/छोरी जिल्ला ...... गा.पा./न.पा. ...............वडा नं. .... गाउँ/टोल ...................... ठेगाना भएको मिति................ देखि ............... सम्म ......................... अस्थायी संरक्षण सेवा केन्द्रमा बस्दै आएका वर्ष ....... को ..................... लाई आजका मिति .................. मा मैले तपसिलका साक्षीहरुको रोहवरमा बुझि लिएको ठीक साँचो हो। पछि मैले निजलाई बुझी लिएको छैन भनी कुनै किसिमको उजूरी गर्ने छैन। गरेमा यसै कागजद्वारा बदर गरी कानून बमोजिम होस् भनी मेरो राजीखुसीका साथ यो भरपाई लेखी सहीछाप गरी यस ........................................... केन्द्र/ संस्थालाई दिएँ/लिएँ। निज बालक/बालिकालाई पारिवारिक पुनर्मिलन पश्चात् अन्य कुनै संस्थामा पठाउने छैन, श्रममा प्रयोग गर्ने/गराउने छैन र बालमैत्री वातावरणमा नियमित पठनपाठन तथा आवश्यक संरक्षणको व्यवस्था गर्ने/गराउनेछु। अन्यथा कानून बमोजिम सहूँला/बुझौंला भनी सही छाप गरिदिएँ ।

| <u>बुझाउने</u> | <u>बुझिलिने</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम थरः | नाम थरः |
| पदः | |
| केन्द्र/संस्थाः | ठेगाना |
| सम्पर्क नं. | सम्पर्क नं. |
| केन्द्र/ संस्थाको छाप | औंठाको सहीछापः <u>दायाँ</u> <u>बायाँ</u> |

<u>स्थानीय तहको रोहबरः</u>

हस्ताक्षरः नाम थरः पदः

कार्यालयः सम्पर्क नं.

**अभिलेखकर्ताको**

नामः ........................... हस्ताक्षर .............................. मितिः ..................

इति सम्बत् २० ...... साल ......... महिना ...... गते रोज ................ शुभम्।

सह-सचिव

सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची -४

(दफा १४ को उपदफा (१)सँग सम्बन्धित)

### अस्थायी संरक्षण सेवा केन्द्र/संस्थामा रहेका बालबालिकाको विवरण फाराम

बाल गृहको नामः प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं. ... स्थानः

सम्पर्क व्यक्ति र नम्बरः ............................................................ ईमेलः ..................................

जम्मा बालबालिका संख्याः ..... जना बालकः ..... जना बालिकाः ...... जना १८ वर्ष उमेर पूरा भएकाः .....जना (पुरुष ..... जना र महिला..... जना)

बाबुआमा दुवै नभएकोः ..... जना बालकः ..... जना बालिकाः ...... जना आमा मात्र भएकोः .... जना बालकः ..... जना बालिकाः ...... जना

बुवा मात्र भएकोः .... जना बालकः ..... जना बालिकाः ...... जना बाबुआमा दुवै भएकोः ...... जना बालकः ..... जना बालिकाः ...... जना

कक्षा १० सम्म अध्ययनरतः .....जना बालकः .....जना बालिकाः .....जना कक्षा ११-१२ सम्म अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

स्नातक अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

सामुदायिक विद्यालय/कलेजमा अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

निजी विद्यालय/कलेजमा अध्ययनरतः ....... जना बालकः ..... जना बालिकाः ...... जना

विद्यालयमा नगएकाः ....... जना बालकः ..... जना बालिकाः ...... जना कारणः ...............

अनौपचारिक शिक्षा लिनेः ....... जना बालकः ..... जना बालिकाः ...... जना कारणः ...............

| क.सं. | बालबालिकाको नाम | उमेर (वर्ष) | लिङ्ग | बाबुको नाम | आमाको नाम | बाबुआमा दुवै नभएको | अभिभावकको अवस्था (टीक लगाउने) | | | | | | | | | | स्थायी ठेगाना (जिल्ला, गा.पा.,न.पा., वडा, टोल) | सिफारिस गर्ने निकाय | अध्ययनरत कक्षा | अपाङ्गताको किसिम | जन्मदर्ता गरे/नगरेको | परिवारको धर्म |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आमाको अवस्था | | | | | बाबुको अवस्था | | | | | | | | | | |
| | | | | | | | जीवित | मृत | दोस्रो विवाह | थाहा नभएको | अपाङ्गता | जीवित | मृत | दोस्रो विवाह | थाहा नभएको | अपाङ्गता | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | |

विवरण भर्ने व्यक्तिको नामः हस्ताक्षरः

पदः मितिः

सह-सचिव

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -५

(दफा १५ को खण्ड (घ)सँग सम्बन्धित)

### बालबालिकाको वैयक्तिक विवरण फाराम

१. बालबालिकाको पूरा नाम, थरः

२. जन्म मितिः साल ..................... महिना ................... गते .......... वा थाहा नभएको ............

३. जन्म भएको ठाउः प्रदेश .......... जिल्ला .............. गा.पा./न.पा. ................ वडा नं. ......
गाउँ/टोलः .............. अस्पतालमा जन्मेको भएः अस्पतालको नाम ............................ ठेगाना
.......................
वा थाहा नभएको ............

४. बालबालिकाको स्थायी ठेगानाः प्रदेश .......... जिल्ला .............. गा.पा./न.पा...................वडा
नं. ...... गाउँ/टोलः ..............
वा थाहा नभएको ............

५. धर्म ................. वा थाहा नभएको ............

६. बालबालिकाको स्वास्थ्य सम्बन्धी स्थितिः तौल ......... उचाइ ......... स्वास्थ्य अवस्थाः .................

७. बालबालिकाको शैक्षिक स्थितिः ................................... कुनै विद्यालयमा पढेको भएः
विद्यालयको नाम, ठेगानाः ................................ कक्षा .......................

८. बालबालिकाको बाबुआमा सम्बन्धी विवरणः

(क) बाबुको नामः .............. उमेरः ...... वर्ष, शारीरिक अवस्था ...................

(ख) आमाको नामः .............. उमेरः ....... वर्ष, शारीरिक अवस्था ...................

(ग) ठेगानाः जिल्लाः ........... गा.पा./न.पा. ................. वडा नं. ...... गाउँ/टोलः
..................

(घ) बाबुको अवस्थाः जीवित/मृत/थाहा नभएको/वेपत्ता/दोस्रो विवाह ............... पेशाः ...........

(ङ) आमाको अवस्थाः जीवित/मृत/थाहा नभएको/वेपत्ता/दोस्रो विवाह .............. पेशाः ...........

(च) बाबुआमा दुवैको मृत्यू भएकोः ........

९. पैतृक सम्पत्तिको विवरणः (क) चल सम्पत्ति .............. (ख) अचल सम्पत्ति ........ (ग) थाहा नभएको
........

१०. दाजुभाइ, दिदी, बहिनी लगायतका नातेदार सम्बन्धी विवरणः

| क्र.सं. | नाम थर | उमेर | नाता | ठेगाना | व्यवसाय |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११. बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्र / लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र / सामाजिकीकरण केन्द्रमा राख्न सिफारिस गर्ने निकायको विवरणः-

सह-सचिव

सचिव

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

नामः............. .......... ठेगानाः प्रदेश ........... जिल्ला ...........
गापा/न.पा. ............ वडा नं. ...... सम्पर्क नं................................
बालबालिकालाई भर्ना गरेको मितिः
बालबालिका भर्ना गर्ने कर्मचारीकोः

हस्ताक्षरः पूरा नामः पदः सम्पर्क नं.ः

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची -६

(दफा १५ को खण्ड (क) र (च)सँग सम्बन्धित)

### बालबालिकाको सुधार कार्ययोजना

१. बालबालिकाको पूरा नाम, थरः

२. विशेष रुची र प्रतिभा/क्षमताः यी विषयहरुको विकासका लागि सहयोग तथा सहजीकरण गर्नु पर्ने कार्यहरुको योजना बालबालिकाको सहभागितामा निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | हालको अवस्था, रुची र प्रतिभा /क्षमता | तीन महिनाभित्र सुधारको लागि के के गर्ने | प्रगति समीक्षा | अर्को तीन महिनाभित्र के के गर्ने | अर्धवार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

३. अरूचीका विषयहरुः यी विषयको सम्बोधन गर्न बालबालिकाको सहभागितामा योजना निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | अरूचीका विषय | तीन महिनाभित्र के के गर्ने | प्रगति समीक्षा | अर्को तीन महिनाभित्र के के गर्ने | अर्धवार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

४. कमजोरी पक्षः यी पक्षको सुधार गर्न बालबालिकाको सहभागितामा योजना निर्माण र कार्यान्वयन गर्ने।

| क्र.सं. | कमजोरी पक्ष | तीन महिनाभित्र के के गर्ने | प्रगति समीक्षा | अर्को तीन महिनाभित्र के के गर्ने | अर्धवार्षिक समीक्षा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

सुधार कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने व्यक्तिकोः

नामः

हस्ताक्षरः

मितिः

सह-सचिव

सचिव